बैठक संख्या - ६८

मिति- २०६२।०५।१३
बिहान ६:०० बजे

आज मिति २०६२।०५।१३ गते बिहिबारका दिन धरान उप-महा नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरू गरियो।

उपस्थिति:

श्री टीकादत्त राई - कार्यकारी अधिकृत - धरान उपमहानगरपा०

आमन्त्रित:

श्री गणेशप्रसाद खतिवडा - व- प्रशासकिय अधिकृत -

श्री खगेन्द्रप्रसाद " - व० कर अधिकृत -

श्री सुरज श्रेष्ठ - व- इन्जिनियर

श्री रमेश शाह - व- आन्तरिक ले०प० -

श्री मेघराज अधिकारी - व- लेखा अधिकृत

श्री राजु पोखरेल - इन्जिनियर

श्री सुनील नेपाल - सामाजिक वि०अ०

निर्णयहरू:

निर्णय नं. १ - तरकारी बजार व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा:- चित्रिया-चोक स्थित पालिका बजारमा रहेका स्टलहरूको भाडा संकलन गर्ने तथा बजारको रेखदेख र सुरक्षा समेत गर्ने गरी धरान ३ स्थित श्री भानु सब्जी तथा फलफूल व्यवसायी समिति संग सहकार्य गर्दै विगतका वर्षहरू देखि सम्झौता गरी कार्य गर्दै आएकोमा गतवर्ष उक्त समितिलाई दिइएको व्यवस्थापन शुल्क बापतको रकममा रु ३०,०००।-(तीस हजार) थप गरी चालु आर्थिक वर्षको लागि वार्षिक रु ३,६०,०००।-(तीन लाख सत्तरी हजार मात्र) कायम गरी चालु आर्थिक वर्षको लागि पुनः सम्झौता गरी पालिका तरकारी बजार व्यवस्थापन तथा सञ्चालनको जिम्मा दिने निर्णय गरियो।

निर्णय नं-२ → पर्के सवारी साधन करको ठेक्का सम्बन्धमा:- यस कार्यालयले संकलन गर्ने पर्के सवारी साधन कर तीनकुने नाका हुँदै धरान उप महा नगर क्षेत्रभित्रमात्र सामानहरू ढुवानीका सवारी साधनहरू तथा धरानमा अध्ययन अवलोकनको लागि भ्रमणमा आउने सवारी साधनहरूबाट मात्र कर संकलन गर्ने गरी राजश्व परामर्श समितिको सिफारिस तथा न०पा० बैठकको निर्णयबाट वार्षिक रु ६०००००।- बुझाउने गरी गत वर्ष ठेक्कामा दिइएकोमा उक्त म्याद २०६२।०३।०१ मा समाप्त हुने भएको

क्रमशः

हुँदा ठेक्का रकममा २५% रकम थप गरी अग्रिम एक मुष्ट रु ७५,०००।- (पचहत्तर हजार मात्र) अग्रिम भुक्तानी गर्ने गरी श्री गंगाबहादुर खड्का (श्री संयुक्त परिवहन समिती प्रतिनिधी) लाई स्थानीय निकाय आर्थिक प्रशासन नि. नियमावली, २०५६ को नियम १३८ को उपनियम ४ 'ग' बमोजिम १ वर्षलाई (२०६३ भाद्र मसान्त सम्म) ठेक्कामा दिने निर्णय गरियो।

निर्णय नं-३ क्षमता विकास योजना (CD Plan) स्वीकृत गर्ने सम्बन्धमा:- यस उपमहा नगरपालिका कार्यालयबाट आ० व० २०६२।६३ का लागि तयार गरेको क्षमता विकास योजना मिति २०६२।०५।२९ गते बसेको क्षमता विकास समन्वय समितिको बैठकबाट सिफारिस भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो। सो योजनामा उल्लेख भएका कार्यक्रमहरू सम्पन्न गर्न आवश्यक म्याचिङ्ग फण्डका लागि संघीय-मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने समेत निर्णय गरियो।

प्रमाणित योजनालाई यसै माइन्युटको पछाडीका पानामा टाँस गरिएको छ।

आजको बोर्ड बैठक विहान १०:०० बजे समापन गरियो। माइन्युटकर्ता भक्तिराज शर्मा-[signature]

[signature]

[signature]

धरान उप-महानगरपालिका कार्यालय

उप-महानगरपालिका क्षमता विकास योजना २०७२/०७३

| क्र.स. | तालीमको नाम | सहभागी | सहभागी संख्या | पटक | दिन/अवधी | लागत सहभागिता रु.'००० | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नगरपालिका | LGCDP | अन्य | जम्मा | - |
| १ | MIS Orientation | वडा सचिव | २७ | १ | १ | २० | १० | | ३० | |
| २ | E-mail Internate/Google Drive प्रयोग गर्न | वडा सचिव/ नपा कर्चचारी | २७ | १ | १ | १० | २० | | ३० | |
| ३ | भवन निर्माण संहिता अनुशिक्षण | घर बनाउन नक्शा पेश गर्ने घरधनीहरू | २०० | ३ | १ | ५० | २५ | | ७५ | |
| ४ | योजना संचालन तथा व्यवस्थापन | उपभोक्ता समितिका पदाधिकारीहरू | १०० | २ | १ | २५ | २५ | | ५० | |
| ५ | MCPM अनु शिक्षण तथा अनुभव आदान प्रदान | नपा कर्मचारी/पत्रकार/ राजनैतिक दलका पदाधिकारी/सरोकारवाला संघ-संस्था/ नगरपालिकाहरू | ५० | १ | १ | २५ | २५ | | ५० | |
| ६ | द्वन्द व्यवस्थापन | नपा कर्मचारी | ३० | १ | ३ | ५० | १०० | | १५० | |
| ७ | कर्मचारी अवलोकन भ्रमण | नपा कर्मचारी | १५ | १ | ५ | १०० | ५० | | १५० | |
| ८ | करको श्रोत क्षेत्र तथा दायरा बढाउने सम्बन्धी अन्तर्कृया कार्यक्रम | उध्योग व्यवसायी तथा विषय विज्ञ तथा उद्योग वाणिज्य संघ तथा सरोकारवालाहरू | ३० | १ | १ | १० | ४० | | ५० | |
| ९ | वेसिक कम्प्यूटर तालिम | नगरपालिकाका कर्मचारीहरूका लागि | १५ | २ | ६० | ५० | २५ | | ७५ | |
| १० | क्षतिपूर्ति सहितको नागरिक वडा पत्र सम्बन्धी अभिमुखीकरण | नपा कर्मचारी/पत्रकार/ राजनैतिक दलका पदाधिकारी/सरोकारवाला संघ-संस्था | ५० | १ | २ | १०० | १५० | | २५० | |
| ११ | Tourism Promotion Workshop | पत्रकार/ पर्यटन व्वयसायी तथा सरोकारवाला संघ-संस्था | ५० | १ | १ | ३५ | २० | | ५५ | |
| १२ | Right to Information Orientation | नपा कर्मचारी पदाधिकारी / पत्रकार | ५० | १ | १ | २५ | ७५ | | १०० | |
| १३ | CFLG Orientation | वनाम / नासके / सामाजिक परीचालक | ८० | १ | १ | २५ | २५ | | ५० | |
| १४ | EFLG Orientation | वनाम / नासके / सामाजिक परीचालक | ८० | १ | १ | २५ | २५ | | ५० | |
| १५ | OD का लागि | उपमहानगरपालिका कर्मचारी | ० | ० | ० | १५० | १०० | | २५० | |
| | **जम्मा** | | **१९०३** | | | **७००** | **७१५** | | **१४१५** | |